कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

**Pre-Bid Meeting को निर्णय सम्बन्धी सूचना !!**

**सूचना प्रकाशन मितिः २०८३।०६।०९ (2026.09.25)**

यस अस्पतालबाट मिति २०८३।०५।३१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा Hard Copy मार्फत सिलवन्दी बोलपत्र (PH/Karnali/Goods/NCB 10-17/2083-084) मार्फत खरिदका लागि प्रकाशन गरिएको सार्वजनिक सूचना अनुसार मिति २०८३ आश्विन ०९ गते शुक्रवार दिनको १२:३० बजे प्रदेश अस्पताल, सुर्खेतमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५२ बमोजिम आयोजना गरिएको Pre-bid Meeting बाट उल्लेखित बोलपत्र सम्बन्धमा तपसिल बमोजिम निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

तपसिलः

१. सम्बन्धित सामाग्रीको लागि १०० वेड वा सो भन्दा माथिको अस्पतालमा कार्यसम्पादन गरेको योग्यताको अनुभवको कागजात राखेको सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० तथा नियमावलीको नियम २५ बमोजिम मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताको आधार तोक्न सकिने कानूनी व्यवस्था भएकोले ३०० वेडको यस अस्पतालमा गुणस्तरीय सामाग्रीहरु निर्धारित समयमै उपलब्धताका लागि बोलपत्रदाताको सम्बन्धित कार्यको लागि १०० वेडमा कार्य गरेको (सरकारी तथा निजी) अनुभव सम्बन्धी कागजात माग गरिएको।

२. Same item सम्बन्धमा सम्बन्धित सामाग्री भन्ने भएकोले कुनै कम्पनी वा ब्राण्ड नतोकिएकोले मूल्यांकन प्रक्रियामा उक्त विषयलाई Similar items मानेर मूल्यांकन गर्ने।

३. मेडिकल सम्बन्धी फर्निचरका सामाग्रीहरुमा ISO 13485 राखेको सम्बन्धमा अस्पतालमा प्रयोग हुने गुणस्तरिय सामाग्री प्राप्तिका लागि उक्त प्रावधान राखिएको।

४. मेडिकल उपकरणहरुको गुणस्तर तथा विश्वसनियता सम्बन्धमा फरक-फरक ISO नम्बरहरु राखेको सम्बन्धमा ISO ९००१, ISO ४५००१, र ISO १३४८५ प्रमाणीकरण (Certifications) हुनु अनिवार्य छ किनभने यी अस्पतालका ट्रलीहरू संवेदनशील क्लिनिकल वातावरणमा प्रयोग हुन्छन्, जहाँ उपकरणको गुणस्तरले प्रत्यक्ष रूपमा मानवीय सुरक्षामा असर पार्छ। ISO १३४८५ ले संक्रमण नियन्त्रण (Infection Control) लाई सुनिश्चित गर्छ, जसका कारण इन्स्ट्रुमेन्ट, ड्रेसिङ र लिनेन ट्रलीहरूमा ब्याक्टेरिया तथा कीटाणुहरू जम्न नदिने र कडा केमिकलले सफा गर्दा पनि खिया नलाग्ने मेडिकल-ग्रेड सामाग्री प्रयोग भएको ग्यारेन्टी हुन्छ। ISO ४५००१ ले कर्मचारी र बिरामीको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्छ, जसले गर्दा बिरामी र भारी लिनेन ट्रलीहरू गुडाउँदा अस्पतालका नर्स तथा सरसफाइ कर्मचारीहरूलाई ढाड दुख्ने वा चोटपटक लाग्ने जोखिम हुँदैन। गुणस्तरियता कायम गर्नका लागि अस्पतालको आवश्यकतालाई विचार गरी अनुभव र गुणस्तर कायम गर्नका लागि प्रचलित ऐन तथा कानून अनुसार उक्त प्रावधानहरु निर्धारण गरिएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी गराउने र सो सम्बन्धि सूचना अस्पतालको वेवसाईटमा प्रकाशन गर्ने।

अस्पताल निर्देशक


फोन नं.०८३-५२२२००, Email: provincehospitalskt@gmail.com website: provincehospital.karnali.gov.np